नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

# नापी विभाग

# कित्तानापी महाशाखा

मिनभवन, काठमाडौँ

## सिलबन्दी दरभाउपत्रआह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०६६ चैत्र १८ गते)

यस महाशाखाको कित्तानापी कार्यक्रमअन्तर्गत स्वीकृत स्पेसिफिकेसनअनुसारका ARC GIS Desktop Mapping Software with Extension Survey Analyst खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक विक्रेता हरूबाट देहायका सर्तबमोजिम रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

<u>तपसिल</u>

१. दरभाउपत्रको लागि फर्म दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ३००।- (फिर्ता नहुने) बुझाई यस महाशाखाबाट खरिद गर्न सकिने छ । सो दरभाउपत्रमा दररेट भरी सहीछाप गरी सिलबन्दी गरेको र खाम बाहिर ***<u>(Software) खरिदको दरभाउपत्र</u>*** भनी उल्लेख भएको हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र खरिद गरी सक्नुपर्नेछ ।

३. दरभाउपत्रमा सामानको दररेट अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १.०० बजेभित्र दरभाउपत्र यस महाशाखामा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र यस महाशाखामा दर्ता हुन आएका दरभाउपत्रहरू सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस महाशाखामा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिने छ ।

६. जमानत वापत दरभाउपत्रसाथ कबोल अङ्कको २.५% बराबरको रकमको कम्तिमा ७५ दिन म्याद भएको बिडबन्ड वा नेपाल राष्ट्र बैङ्क, थापाथली स्थित यस महाशाखाको धरौटी हि.नं. स.अ. १३१७०७ मा जम्मा गरेको भौचर पेशगर्नुपर्ने छ र दरभाउपत्र स्वीकृत भइसकेपछि स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको ५% बराबरको कम्तिमा ९० दिन म्याद भएको परफरमेन्स बन्ड वा नपुग धरौटी रकम थप जम्मा गर्नुपर्नेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्रस्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस महाशाखामा सुरक्षित रहनेछ ।

९. दरभाउपत्रसम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय खुलेको समयमा यस महाशाखामा बुझ्न सकिनेछ ।